बाल सन्दर्भ सामग्री – २३

हाम्रा केही प्रतिभाहरू

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

हाम्रा केही प्रतिभाहरू

यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

पुनर्लेखन
द्रोण दाहाल
जयप्रसाद लम्साल

चित्राङ्कन कर्ता
लक्ष्मण भुजेल

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३

पाठ्यक्रम विकास केन्द्र

विषय सूची

क्र.स.	पाठ शीर्षक	पृष्ठ सङ्ख्या
१.	गान्धीवादी नेता डा. डिल्लीरमण रेग्मी	५
२.	कला र साहित्यका शिखर पुरुष लैनसिंह बाङ्देल	८
३.	धुरन्धर विद्वान् प्रा. यदुनाथ खनाल	११
४.	हृदयरोग विशेषज्ञ डा. मृगेन्द्रराज पाण्डे	१५
५.	अमर गायिका तारादेवी	१९
६.	अभिनयकी इतिहास शान्ति मास्के	२३
७.	लोक गायक झलकमान गन्धर्व	२६
८.	दक्षिण एसियाका अद्वितीय धावक बैकुण्ठ मानन्धर	२८
९.	हिमाल आरोहणका अलौकिक प्रतिभा बाबुछिरी शेर्पा	३१

गान्धीवादी नेता डा. डिल्लीरमण रेग्मी

अर्थशास्त्रका विद्वान् डा. डिल्लीरमण रेग्मीलाई धेरैले नेताका रूपमा मान्छन्। उनी इतिहासकार पनि हुन् । उनको नाउँ देश विदेशमा प्रकाण्ड (ठुला) विद्वानका रूपमा फैलिएको छ ।

डा. डिल्लीरमण रेग्मीको जन्म वि.सं. १९७० पुस ४ गतेका दिन काठमाडौँको किलागलमा भएको हो । उनका पिताको नाम रोहिणी रमण रेग्मी र माताको नाम मुक्तिदेवी रेग्मी हो । डिल्लीरमण पाँच वर्षको छँदा आमाको देहान्त भयो । उनी सानैदेखि पढाइ लेखाइमा औधि अभिरुचि राख्ने गर्थे। उनले १९ वर्षको उमेरमा एस.एल.सी. परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे ।

डा. डिल्लीरमणको प्रथम विवाह वि.सं. १९९० मा कल्याणी पाण्डेसित भयो । त्यसताका उनी आई.ए. मा अध्ययन गर्थे । त्यही वर्ष उनका पिताको देहान्त भयो । आमा र बुबा दुवैको मृत्युले उनी बेसहारा जस्तै भए । घर व्यवहार हेर्ने वा पढाइमा ध्यान दिनुपरेकाले उनी द्विविधामा परे । अन्ततः उनले पढाइलाई नै सर्वोपरि महत्त्व दिए ।

डा. डिल्लीरमण रेग्मीले पटना विश्व विद्यालयबाट अर्थशास्त्रमा विद्यावारिधि र महा विद्यावारिधिको उपाधि हासिल गरेका छन् । महा विद्यावारिधिको उपाधि हासिल गर्ने पहिलो नेपाली उनी नै हुन् । सोभियत सङ्घ विभाजित हुनु अगावैको रुसले उनलाई विज्ञानमा विद्यावारिधिको मानार्थ उपाधिले सम्मानित गरेको थियो । देश विदेशले उनलाई सम्मानित व्यक्तिको रूपमा लिने गरेको छ ।

वि.सं. १९९० को भुइँचालोले काठमाडौँका धेरै मानिसलाई बिचल्ली पारेको थियो । काठमाडौँका ठुला ठुला घरहरू भत्किएका थिए । बिचल्लीमा परेका मानिसहरूको उद्धार गर्न डिल्लीरमण रेग्मीले स्वयंसेवकहरूको एउटा मित्र मण्डली बनाए । यही मित्र मण्डली

नै राजनीतिक सङ्गठन गर्ने कार्यको उनको पहिलो थालनी थियो ।

वि.सं. १९९६ पछि डा. रेग्मी देशमा भइरहेको जहानियाँ शासन विरुद्धको राजनीतिमा सक्रिय रूपले लागे । यसैले उनी निर्वासित रूपमा रहन भारत गए । त्यहाँ महात्मा गान्धी लगायतका भारतीय नेताहरूसित उनको सम्पर्क भयो । भारतमा भइरहेको स्वतन्त्रताको आन्दोलनलाई उनले सक्रिय रूपले सहयोग गरे । यसै कसुरमा उनलाई वि.सं. १९९८ मा पटनामा गिरफ्तार गरेर हजारीबाग जेलमा राखियो । डा. डिल्लीरमण रेग्मी यसपटक चाँडै जेलबाट छुटे । वि.सं. १९९९ मा वनारसको जेलमा उनलाई फेरि बन्दी बनाइयो ।

डा. रेग्मीले ५ वर्ष वनारस र लखनउको जेलमा खुब कष्टका साथ दिन बिताए । उनीमाथि राजनीतिक अपराधको आरोप लगाइयो । गोरखा पल्टन भड्काएको र सुभाषचन्द्र बोससँग सम्पर्क राखेको आरोपमा अङ्ग्रेज सरकारबाट उनीमाथि मुद्दा समेत चलाइयो । झन्डै प्राणदण्डको सजायँ हुने भएको थियो । तर त्यसो हुन पाएन । बार वर्षको जेल सजाय तोकेर नेपालको राणा सरकारलाई सुम्पिने कुरा हुँदै थियो । यसै अवस्थामा उनी सिकिस्त बिरामी परे । उनकी श्रीमती कल्याणी रेग्मी उनलाई जेलमा भेट्न जाँदा हृदयगति बन्द भई लखनउमा नै परलोक भइन् । यसले डा. रेग्मीको स्वास्थ्यमा झन् प्रतिकूल असर पाऱ्यो । वि.सं. २००३ मा पाँच वर्ष जेल भुक्तानपछि उनी लखनउ जेलको कालकोठरीबाट मुक्त भए ।

जेलबाट छुटेपछि डा. डिल्लीरमण रेग्मी जहानियाँ राणा शासनको विरोधमा जन चेतना जगाउने र आन्दोलनलाई सङ्गठित रूपमा लैजानेतर्फ लागे । यसै सन्दर्भमा उनले वि.सं. २००३ मा नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापना गरे । यस दल समेतले २००७ सालको क्रान्तिमा महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो । अहिंसावादी आन्दोलनका अग्रणी नेता डा. रेग्मीले हातहतियार भने उठाएनन् । २००७ फागुन ७ गते देशबाट राणा शासनको पतन र प्रजातन्त्रको स्थापना भयो । यसपछि मात्र उनी स्वदेश फर्किए ।

डा. रेग्मीको दोस्रो बिहे वि.सं. २०१० मा नूतनकुमारीसँग भयो । वि.सं. २०१० सालमै उनी परराष्ट्र, शिक्षा र स्वास्थ्य मन्त्री पनि भए । उनले नेपालका लागि संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्त गर्ने कार्यमा ठुलो प्रयास गरे । उनले नेपाल चीनको सम्बन्ध सुधार र दौत्य सम्बन्ध कायम गर्ने पक्षमा, असंलग्न प्रकृतिको विदेशनीति अपनाउनुपर्छ भन्ने विषयमा पनि विशेष प्रयास गरे । यसका लागि उनको कदर गर्दै राजा महेन्द्रले भनेका थिए, "डिल्लीरमण रेग्मीले मन्दिरको जग बसाल्नुभयो, मैले त गजुरमात्र थपेको हुँ ।"

वि.सं. २०१७ मा निर्दलीय पञ्चायती व्यवस्था लागु गरियो । डा. डिल्लीरमण रेग्मीले

यस व्यवस्थालाई समर्थन गरेनन् । संसदीय प्रजातन्त्रको पुनःस्थापनाका लागि आफ्ना विचार व्यक्त गर्न उनी पछि परेनन् । वि.सं. २०३६ सालको जनमत सङ्ग्रहमा बहुदलीय व्यवस्थाको रोजाइमा मतदान गर्न उनले सबैसित आग्रह गरे । संसदीय प्रजातन्त्रको पुनःस्थापनाका लागि वि.सं. २०४४ मा उनी निराहार र मौन व्रत पनि बसेका थिए । प्रजातन्त्रको पुनःस्थापनाका लागि भएको २०४६ को जन आन्दोलनलाई नजरबन्दमै रहेर पनि उनले सशक्त प्रेरणा प्रदान गरेका थिए । यस किसिमको उनको त्याग, तपस्या र अडानलाई सबैले महत्त्वपूर्ण रूपमा लिएका छन् ।

डा. डिल्लीरमण देश विदेशको राजनीतिमा पनि चासो राखे । लेखन कार्यमा पनि उनले महत्त्वपूर्ण स्थान कायम गरे । उनले 'नेपालको प्राचीन, मध्यकालीन र आधुनिक इतिहास,' 'एकतन्त्रीय शासनको एक शताब्दी,' 'नेपालमा प्रजातान्त्रिक सङ्घर्ष', 'युगौँदेखि रहेको नेपाल भारत सम्बन्ध' आदि ग्रन्थहरू लेखे। उनले लेखेका ग्रन्थ देश विदेशमा पनि अमूल्य मानिन्छन् ।

डा. डिल्लीरमण रेग्मी 'नेपाल विश्व शान्ति समिति' र 'नेपाल अफ्रो एसियाली जन एकता' को अध्यक्ष पनि भइसकेका छन् । उनी 'अन्तर्राष्ट्रिय शान्ति समझदारी प्रवद्र्धन समिति,' 'गान्धी अन्तर्राष्ट्रिय केन्द्र' र 'गौतम बुद्ध प्रतिष्ठान' को अध्यक्ष पनि भए । उनले विश्व शान्ति र समझदारीका लागि वर्षैपिच्छे सम्मान पत्रसहित एक लाख रकमको पुरस्कार दिने उद्देश्यले वि.सं. २०४९ मा 'डा. डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कार' स्थापना गरे । उनले वि.सं. २०४२ सालमा आफ्नो करोडौँ मूल्यको घर र विभिन्न सामग्रीहरू समेतको पुस्तकालय सरकारलाई दिने भनेर घोषणा गरे । वि.सं. २०४७ सालमा उनले पुस्तकालय नेपाल सरकारलाई हस्तान्तरण गरे ।

डा. डिल्लीरमण रेग्मी "अहिंसा, दया, करुणा र क्षमता मानव जातिका प्रमुख गुण हुन्" भन्थे। उनी ध्यानमा बसेको सन्त र तपस्वी जस्ता देखिन्थे। छलकपट र आडम्बर उनमा कत्ति पनि थिएन । "देशलाई उठाउन असल व्यक्तित्वहरूको आवश्यकता परिरहन्छ । बाल बालिकाले सधैँ व्यक्तित्व आर्जन गर्ने छात्रका रूपमा आफूलाई सम्झिनुपर्छ" भन्ने उनको भनाइ थियो ।

डिल्लीरमण रेग्मीको निधन २०५८ भदौ १४ गते भयो । यी त्यागी नेतालाई हामी युगौँसम्म भुल्ने छैनौँ ।

कला र साहित्यका शिखर पुरुष लैनसिंह बाङ्देल

मेहनत गर्न छोड्नु हुँदैन । दुखबाट आत्तिनु हुँदैन । मेहनत गर्ने र दुख खेप्न सक्ने मानिस मात्र सफल हुन्छ । देश विदेशमा नाम कमाउँछ । अमर हुनसक्छ । कला र साहित्यका शिखर पुरुष लैनसिंह बाङ्देल यसका उदाहरण हुन् । कला सिक्नका लागि बाङ्देलले आफ्नो युवा जीवन तपस्या गरे जस्तै गरेर बिताए । चर्को गर्मी सहे । उनले स्कुले जीवनबाट चलाउन थालेको कुची र कलम जीवनपर्यन्त बिसाएनन् । त्यसैले उनले नेपालमा मात्र नभएर विदेशमा पनि नाम कमाए ।

धेरै नेपालीलाई बाङ्देल कस्तो थर हो भन्ने लाग्दो हो । बाङ्देल राई समुदायको एउटा थर हो । लैनसिंह बाङ्देलका पुर्खा खोटाङ जिल्लाको राखा बाङ्देल भन्ने गाउँ विकास समितिमा बस्थे । लैनसिंह बाङ्देलका हजुरबा रनध्वज बाङ्देल कामको खोजीमा खोटाङबाट दार्जिलिङ पुगे । रनध्वजले चिया बगानमा काम पाए । त्यहाँ काम गर्दागर्दै बाङ्देल परिवार प्रवासी बन्न पुग्यो ।

लैनसिंह बाङ्देलको जन्म ई.सं. १९२४ को डिसेम्बर २१ तारेखका दिन दार्जिलिङको तकभर चिया बगानमा भयो । उनका बाबुको नाम रङ्गलाल बाङ्देल हो । लैनसिंह बाङ्देल सानै हुँदा उनकी आमा बितिन् । त्यसैले बाङ्देललाई आमाको नाम समेत थाहा छैन । आमा नभए पनि बाबु रङ्गलालले लैनसिंह बाङ्देलको पढाइ लेखाइमा सकेको मदत गरे । ई.सं. १९३९ मा बाङ्देलले एस.एल.सी. पास गरे । बाङ्देल चित्रकलामा खुबै रुचि राख्दथे । त्यसैले एस.एल.सी. पास हुनासाथ बाङ्देल कला सिक्न कलकत्ताको गभरमेन्ट कलेज अफ आर्ट एन्ड क्राफ्टमा भर्ना भए । कलकत्ताको गर्मी सहेर बाङ्देलले छ वर्ष कला सिके ।

त्यसपछि उनले दुई वर्ष व्यावसायिक कला पनि सिके । ई.सं. १९४८ देखि १९५२ सम्म

बाङ्देलले कलकत्तामै डि.जे किमर भन्ने ब्रिटिस कम्पनीमा चित्रकलाकै काम गरे । १९४८ मा बाङ्देलले 'प्रभात' नामक साहित्यिक पत्रिका पनि निकाल्न थाले । उनले यो पत्रिका दुई वर्षसम्म मात्र चलाए । कलकत्तामा रहँदा उनले कथा र उपन्यास लेखे ।

कला विषयमा थप अध्ययन गर्ने बाङ्देलको धोको थियो । यो अध्ययन फ्रान्सको राजधानी पेरिसमा मात्र हुन्थ्यो । यसका लागि धेरै खर्च लाग्थ्यो । त्यो खर्च पनि आफैँले जुटाउनुपर्थ्यो । उनलाई फ्रान्सेली भाषाको ज्ञान पनि थिएन । फ्रान्समा उनको चिनजानका मानिस पनि कोही थिएन । यी समस्याहरूको वास्तै नगरी बाङ्देल ई.सं. १९५२ को फरवरीमा फ्रान्स जान पानीजहाजमा चढे । बाङ्देल पहिले बेलायत पुगे । बेलायतमा तीन महिना बसे र त्यहाँको कलाको अध्ययन गरे । त्यसपछि उनी फ्रान्स लागे । संयोगले उनले फ्रान्समा भारतका विद्यार्थी भेट्टाए । उनीहरूको सहयोग पनि पाए । ई.सं. १९५२ मै उनी इकोल दस वक्स आर्ट्स युनिभर्सिटीमा भर्ना भए ।

बाङ्देलले ज्यादै दुखले फ्रान्समा चार वर्ष बिताए । उनीसँग थोरै पैसा थियो । त्यसैले उनी थोरै भाडा तिरेर गाउँको थोत्रो घरमा बस्दथे । त्यहाँ सहनै नसकिने जाडो हुन्थ्यो । बाङ्देलसँग न पर्याप्त लुगा थिए, न त उनी हिटर नै किनेर बाल्न सक्थे ।

ई.सं. १९५६ मा बाङ्देल बेलायत आए र डि.जे. किमर कम्पनीमा काम गर्न थाले । उनले कलकत्तामा यसै कम्पनीमा काम गरेका थिए । यस बेलासम्म उनले कलाक्षेत्रमा निकै ख्याती कमाइसकेका थिए । ठाउँ ठाउँमा उनको कला प्रदर्शनी भइसकेको थियो । अब श्रीमती मनकुमारी र उनी सँगै बस्न थाले । अब उनको जीवन निर्वाह केही सजिलो भयो ।

ई.सं. १९६१ मा बेलायतमै राजा महेन्द्रसँग बाङ्देलको भेट भयो । राजाबाट उनलाई नेपाल आउन आग्रह भयो । बाङ्देल नेपाल आए । महाकवि देवकोटाको देहावसान भएर नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको एउटा सदस्य पद खाली भएको थियो । यसै पदमा उनलाई नियुक्त गरियो । ई.सं. १९६८ बाट उनी १ वर्ष अमेरिकाको डेनिसन युनिभर्सिटीमा कला विषयको फुलब्राइट प्रोफेसर भए । ई.सं. १९७४ बाट १९७९ सम्म उनी राजकीय प्रज्ञा प्रतिष्ठानको उपकुलपति भए । ई.सं. १९७९ देखि १९८९ सम्म उनी प्रज्ञा प्रतिष्ठानको कुलपति पनि भए । उनी प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्य भएर रहे । बाङ्देल विद्यालय पढ्दादेखि नै कथा लेख्थे । चित्र पनि बनाउँथे । उनको पहिलो साहित्यिक कृति 'विश्व कथा सङ्ग्रह' हो । यो अनुवाद गरेर लेखिएको हो । उनले कलकत्तामा रहँदा तिन ओटा उपन्यास– 'मुलुकबाहिर', 'माइत घर' र 'लङ्गडाको साथी' लेखे । त्यसपछि उनले 'स्याउको रुख' नामक उपन्यास नेपालीमा अनुवाद गरे । 'रोमको फुल पेरिसको काँडा' उनको यात्रा वर्णन सम्बन्धी कृति हो ।

कलकत्ता छोडेपछि बाङ्देलले कलालाई महत्त्व दिए । उनले दुई हजारभन्दा बढी चित्र बनाएका छन् । उनका चित्र अमेरिका, फ्रान्स, बेलायत, जर्मनी, भारत, जापान आदि मुलुकमा प्रदर्शन गरिएका छन् । बाङ्देलले नेपाली कलाको प्रचार प्रसार र संरक्षणमा त्यत्तिकै सहयोग पुऱ्याएका छन् । यसका लागि उनले अङ्ग्रेजी भाषामा विभिन्न पुस्तक लेखेर विभिन्न मुलुकमा पठाएका छन् । उनले लेखेका त्यस्ता पुस्तकहरू 'नेपालको प्राचीन मूर्तिकला (अर्ली स्कल्पचर अफ नेपाल)', 'नेपालका चोरिएका स्वरूपहरू (स्टोलन इमेजेज अफ नेपाल)', 'नेपालको २५०० वर्षको कला (२५०० इयर्स अफ नेपलिज आर्ट)' आदि हुन् । उनले लेखेको स्टोलन इमेजेज अफ नेपालको माध्यमले नेपालबाट चोरिएर विदेश पुऱ्याइएका मूर्तिहरू नेपालमा फिर्ता गरिएका छन् ।

बाङ्देलले वीरेन्द्र प्रज्ञालङ्कार, गोर्खा दक्षिणबाहु आदि मानपदक पाए । उनले फ्रान्स, बेलायत, स्पेन, भारत आदि मुलुकबाट पनि उच्च मानपदवी तथा पुरस्कार पाए । बाङ्देल नेपाली बाहेक अङ्ग्रेजी, फ्रेन्च, जर्मन, हिन्दी, बङ्गाली आदि भाषा बोल्न र लेख्न सक्थे ।

बाङ्देल २०५९ साल असोज २९ गते यो संसारबाट बिदा भइसके तर उनका कृतिहरूले उनी सदा सर्वदा हाम्रो मनमा छाइरहेका छन् ।

धुरन्धर विद्वान् प्रा. यदुनाथ खनाल

प्राध्यापक यदुनाथ खनाल नेपालका धुरन्धर विद्वान् (धेरै ज्ञान भएका) र कुशल कुटनीतिज्ञ हुन् । उनको जन्म वि.सं. १९७० श्रावण २८ का दिन तनहुँको मान्हौमा भएको थियो । उनी प. नरनाथ खनाल र तारादेवी खनालका कान्छा छोरा हुन् ।

यदुनाथ खनाल अध्ययनमा असाध्यै रुचि लिन्थे । यदुनाथ खनालले पाँच वर्षको उमेरमा नै नेपाली भाषामा लेखपढ गर्न सिकेका थिए । छ वर्षको उमेरबाट घरमा नै उनले संस्कृत शिक्षाको अध्ययन सुरु गरे । त्यतिबेला आजको जस्तो सबै गाउँमा विद्यालय र सबैका लागि लेखपढको सुविधा थिएन । उनी ११ वर्षको उमेरमा रानीपोखरी संस्कृत पाठशाला, काठमाडौँमा भर्ना भए । उनी दिनको दसबार घण्टासम्म निरन्तर अध्ययन गर्थे ।

१७ वर्षको उमेरमा खनालले बनारस संस्कृत विश्व विद्यालयबाट संस्कृत व्याकरण विषयमा मध्यमा परीक्षा प्रथम श्रेणीमा पास गरे । उनले वि.सं. १९९२ को एस.एल.सी. परीक्षा पनि प्रथम श्रेणीमा पास गरे । वि.सं. १९९७ मा कलकत्ता विश्व विद्यालयबाट उनले बी.एस्सी. को परीक्षा पास गरे । वि.सं. १९९९ मा अङ्ग्रेजी साहित्यमा उनले एम.ए. पास गरे । वि.सं. २००० मा उनी त्रिचन्द्र कलेजको प्राध्यापक बने । शिक्षा शास्त्रमा स्नातक पनि गरे ।

प्रा. यदुनाथ खनाललाई समसामयिक राजनीतिका बारेमा पनि राम्रो जानकारी थियो । कलकत्तामा बी.एस्सी. र एम.ए. को अध्ययन गर्दा भारतको स्वतन्त्रताको आन्दोलनले उनमा प्रशस्तै प्रभाव पारेको थियो । त्रिचन्द्र कलेजको प्राध्यापक हुँदा राणा सरकारको विरोधमा देशमा भएको राजनीतिक गतिविधिले उनमा झन् प्रभाव पाऱ्यो । उनले

शिक्षणको माध्यमबाट आफ्नो राजनीतिक अनुभव विद्यार्थीहरूमा बाँडे । सङ्कटका अवस्थामा देशलाई ठिक बाटोमा हिँडाउन वि.सं. २००७ सालमा भएको जनक्रान्तिमा उनले सक्दो सहयोग गरे ।

प्रा. यदुनाथ खनालले आफ्नो लगनशीलता र इमान्दारिताका कारण क्रमिक रूपमा प्रतिष्ठा आर्जन गर्दै गए । विद्वान् प्राध्यापकका रूपमा कलेजका सबै विद्यार्थीहरू उनको नाम श्रद्धाका साथ लिने गर्थे । हाम्रो शिक्षा र साहित्यलाई आधुनिक पनमा ढालेर अगाडि बढाउनमा पनि उनको योगदान रहेको छ ।

प्रा. यदुनाथ खनाल ठुला विद्वान् भएका कारण उनलाई देशले विभिन्न जिम्मेवारी सुम्पन थाल्यो । वि.सं. २०१२ मा बाङडूङ (इन्डोनेसिया) मा भएको अफ्रो एसियन सम्मेलनमा प्रा. यदुनाथ खनालले नेपाली प्रतिनिधि मण्डलको सचिवका रूपमा भाग लिए । वि.सं. २०१३ मा प्रधानमन्त्री टङ्कप्रसाद आचार्यले उनलाई आफ्नो प्रमुख निजी सचिव बनाए । केही महिनामा नै उनी गृहसचिव भए ।

प्रा. यदुनाथ खनाल २०१४ मा हिमालय शमशेरको अध्यक्षतामा गठन भएको योजना मण्डलको सदस्य भए । वि.सं. २०१६ र वि.सं. २०१७ मा प्रतिनिधिमण्डलको सदस्यको हैसियतले संयुक्त राष्ट्रसङ्घको महासभामा उनले भाग लिए । उनलाई क्रमिक रूपमा प्रशासन र कुटनीतिक क्षेत्रमा काम गर्ने अवसर उपलब्ध हुँदै गयो । प्रा. यदुनाथ खनालले वि.सं. २०१८ र वि.सं. २०२४ मा परराष्ट्र सचिव भएर काम गरेको अवस्थामा देशको परराष्ट्र सम्बन्धमा निकै सुधार भयो । वि.सं. २०१८ मा संयुक्त राष्ट्रसङ्घको महाधिवेशनमा र बेलग्रेडमा भएको असंलग्न राष्ट्रहरूको शीर्षस्थ सम्मेलनमा पनि उनले भाग लिए । कुटनीतिक व्यक्तिको हैसियतले विदेशसितको राजनीतिक सम्बन्ध तथा पारस्परिक व्यवहारलाई उनले देशको अनुकूल बनाए । अन्य देशको राजनीतिक विचारलाई बुझेर त्यसअनुसार उनीहरूप्रतिको व्यवहारमा सुधार ल्याउन सक्नु नै उनको कुटनीतिक ज्ञानको महत्त्वपूर्ण पक्ष मानिन्छ । देशका कुशल कुटनीतिज्ञका रूपमा उनी प्रतिस्थापित भएका छन् ।

वि.सं. २०२० मा प्रा. यदुनाथ खनाल भारतका लागि नेपालको राजदूत भएर भारतसितको मैत्री सम्बन्धलाई सुदृढ गर्न निकै सफल भए । वि.सं. २०३० मा संयुक्तराज्य अमेरिकाको लागि नेपालको राजदूत र वि.सं. २०३५ मा चीनका लागि नेपालको राजदूत हुँदा आफ्नो हैसियतबाट नेपालको गरिमालाई माथि उठाउने कार्यमा उनले सक्दो टेवा दिए । वि.सं. २०२८ मा पनि नेपाल भारत व्यापार तथा पारवहन सम्झौतामा उनले नेपाली पक्षबाट नेतृत्व गरेका थिए । वि.सं. २०४६ मा बहुदलीय प्रजातन्त्रको पुनर्वहालीपछि पनि उनी प्रधानमन्त्रीको सल्लाहकार भए ।

प्रा. यदुनाथ खनालले आर्थिक विकास तथा प्रशासन केन्द्रमा पनि अतिथि प्राध्यापक भएर प्राध्यापन गरे। उनी लोकसेवा आयोगको अध्यक्ष पनि भए। नेपाल विश्व सम्बन्ध परिषद् र परोपकार संस्थाजस्ता अनेक संस्थालाई पनि सदस्यको हैसियतबाट उनले आफ्नो सेवा प्रदान गरेका छन्।

प्रा. खनाल राष्ट्रियताप्रति आस्था राख्थे। उनी प्रजातन्त्रमा विश्वास गर्थे। विश्व शान्ति र समझदारीलाई विशेष महत्त्व दिन्थे। सबैप्रति समान भाव, थोरै शब्दमा गहकिलो कुराको प्रस्तुति, विनम्र व्यवहार, शान्ति प्रियता, घमण्ड कत्ति पनि नगर्ने र तर स्वाभिमानी, सिर्जनशील रुचि, अध्ययनशील बानी उनका व्यक्तिगत गुणहरू थिए। उनी कसैलाई पनि शत्रुको रूपमा हेर्दैनथे। उनी सबैलाई नजिक राख्न मन पराउँथे। जुक्ति र बुद्धिले काम गरेमा असम्भव भन्ने केही हुँदैन र सबै समस्याको समाधान हुनसक्छ भन्ने उनको धारणा थियो। 'विद्यामै छ महाशक्ति, कर्म नै हो सुपूजन' भन्ने भनाइलाई उनले यथार्थ रूपमा देखाएका छन्।

प्रा. यदुनाथ खनाललाई नेपालको साहित्य, संस्कृति, इतिहास र नेपालको परराष्ट्र सम्बन्धका बारेमा राम्रो ज्ञान थियो। नेपालको विचार, संस्कृति, गौरव र दृष्टिकोणलाई अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन पनि उनले ठुलो देन दिए। उनी आफ्नो मौलिक पहिचान कायम राख्दै विश्वको गतिसितै आफ्नो देशलाई अगाडि बढाउनुपर्छ भन्ने धारणा राख्थे।

प्राध्यापक रहँदा नेपाली साहित्यको विकासमा उनले अभिरुचि देखाए र समालोचनात्मक (राम्रो नराम्रो छुट्याउने) लेखहरू प्रकाशित गरे। उनको 'समालोचनाको सिद्धान्त' वि.सं. २००३ मा प्रकाशित भएको हो। नेपाली भाषामा मौलिक कृतिको रूपमा प्रकाशित पहिलो समालोचनात्मक पुस्तक यसैलाई मान्न सकिन्छ। प्रा. यदुनाथ खनाल नेपाली, संस्कृत र अङ्ग्रेजी तिन ओटा भाषाका विद्वान् मानिन्छन्। उनले तिन ओटै भाषामा साहित्यिक कृतिहरूको रचना गरेका छन्। उनका कृतिहरूमा गहन विचार हुन्छ।

'समालोचनाको सिद्धान्त,' 'साहित्यिक चर्चा' र 'नेपाली भामिनी विलास' प्रा. खनालका नेपाली भाषामा लेखिएका ग्रन्थहरू हुन्। 'सूक्ति सञ्चय' मा चाहिँ संस्कृतमा लेखिएका कविताहरू छन्। उनले अङ्ग्रेजी भाषामा पनि धेरै ग्रन्थ लेखेका छन्। ती ग्रन्थ कुटनीति (परराष्ट्र सम्बन्ध) का बारेमा छन्।

विद्वान् प्राध्यापक, कुशल प्रशासक र कुटनीतिज्ञका रूपमा आफ्नो अस्तित्व कायम राख्न सफल प्रा. खनाललाई वि.सं. २०३३ मा राजा वीरेन्द्रले सरदारको सम्मानले विभूषित गरेका थिए। अमेरिकाको क्यालिफोर्निया विश्व विद्यालयले उनलाई सम्मानका लागि

कानुनमा विद्यावारिधिको उपाधि दिएको थियो। त्रिभुवन विश्व विद्यालयले पनि उनलाई २०५४ मा महा विद्यावारिधिको उपाधिले सम्मान गऱ्यो । उनी नेपाल जनप्रशासन सङ्घको मानार्थ सदस्य रहे। गोरखा दक्षिणबाहु प्रथम, त्रिशक्तिपट्ट प्रथम, नेपाल श्रीपद दोस्रो जस्ता पदक र वेदनिधि पुरस्कार जस्ता पुरस्कारले उनी सम्मानित भए ।

उनी ईश्वरमा विश्वास गर्थे। धर्म र राज्यका बिच सम्बन्ध हुनुपर्ने कुरामा उनी विश्वास गर्थे । उनी आफ्नो सफलताको कारकको रूपमा परिश्रम र लगनशीलतालाई लिन्थे। उनी अरूलाई पनि परिश्रम गर्न सल्लाह दिन्थे। विपन्न मानिस पनि परिश्रमले सम्पन्न हुनसक्छ। परिश्रम नै धन हो र परिश्रम नै जीवन हो भन्ने उनको निस्कर्ष रहेको थियो।

प्रा. यदुनाथ खनालको निधन २०६१ असोज १६ गते काठमाडौँमा भयो । मृत्युको केही दिनअघि सम्म पनि उनी साहित्य साधनामा सक्रिय थिए। उनको भौतिक शरीर हामीबिच छैन तर उनलाई र उनको योगदानलाई हामी युग युगान्तर सम्झिरहने छौँ।

हृदयरोग विशेषज्ञ डा. मृगेन्द्रराज पाण्डे

डा. मृगेन्द्रराज पाण्डे हृदयरोग (मुटुको रोग) विशेषज्ञ हुन् । उनको जन्म काठमाडौँको भगवती बहालमा सन् १९३२ को जुन २० का दिन भएको हो । उनका पिताको नाम खगेन्द्रराज र माताको नाम पियूषप्रिया हो । उनले जुद्धोदय हाइस्कुलबाट एस्.एल्.सी. र पटना विश्व विद्यालयबाट सोर वर्षको उमेरमा प्रथम श्रेणीमा आई.एस्सी. उत्तीर्ण गरे ।

'हुने बिरुवाको चिल्लो पात' भने झैँ मृगेन्द्रराज पाण्डेले सानैदेखि पढाइ लेखाइमा खुब ध्यान दिए । 'बिहानीले दिनको लक्षण जनाउँछ' भन्ने विचार गरेर उनी ठुलो मान्छे हुन्छन् भन्ने कुरा उनका आफन्तहरू त्यतिबेला नै अङ्कल काट्थे । सानैदेखि उनी घरको मायालु बालक र विद्यालयको प्यारो छात्रको रूपमा देखिए । देशमा आई.एस्सी. सम्म पढेपछि परिवारको सल्लाह र सरकारको छात्रवृत्तिमा एम्.बी.बी.एस्. पढ्न उनी कलकत्ता मेडिकल कलेजमा भर्ना भए । त्यहाँका प्राध्यापक जी.सी. बनर्जीको प्रेरणामा मुटुको रोगका बारेमा विशेषज्ञता हासिल गर्ने उनको विचार भयो । नभन्दै सन् १९५४ मा उनले डाक्टरको उपाधि पनि हासिल गरे । यसरी एकपछि अर्को परीक्षामा उनी उत्तीर्ण हुँदै गए ।

सानैदेखि मृगेन्द्रराज सबै विषयमा उत्तिकै अभिरुचि राख्थे । उनका लागि कुनै पनि विषय गारो थिएन । उनी कुनै परीक्षादेखि कहिल्यै डराएनन् । सन् १९५९ मा बेलायतको इडेनवर्ग विश्व विद्यालयबाट एम्.आर्.सी.पी. जस्तो महत्त्वपूर्ण उपाधि हासिल गर्न पनि उनी सक्षम भए । यस किसिमको महत्तवपूर्ण उपाधि हासिल गर्ने पहिलो नेपाली उनी नै हुन् । यसलाई उनी विशेष सौभाग्यको रूपमा लिन्छन् । यो सफलताले उनलाई सबभन्दा बढी खुसी तुल्याएको थियो ।

एउटा सफलता अर्को सफलताका लागि प्रेरणाको स्रोत बन्न सक्छ। डा. मृगेन्द्रराज पाण्डे भौतिक विज्ञान र अध्यात्म दर्शनलाई उत्तिकै अभिरुचिका साथ अध्ययन गर्छन्। स्वास्थ्य सहायक कार्यकर्तालाई पढाउने शिक्षकको रूपमा डा. पाण्डेले व्यावसायिक जीवनको थालनी गरे । उनले सन् १९६० देखि १९९० सम्म वीर अस्पतालको डा. पदमा रहेर राजादेखि रैतीसम्मको उपचार गरे । उनी मुटुका सर्वसाधारण बिरामीहरूको उपचारलाई विशेष महत्त्वका रूपमा लिन्थे। वीर अस्पतालमा काम गर्दा अतिरिक्त सचिवको तहसम्म उनको पदोन्नति भयो । उनी राजपरिषद्को सदस्य पनि थिए । उनले हृदयरोगसँग सम्बन्धित स्वास्थ्य क्षेत्रका विभिन्न पदमा रहेर कार्य गरे ।

डा. मृगेन्द्रराज पाण्डे मानव मात्रको भलाइमा सुरुदेखि नै उनी जुट्दै आए। उनले खप्तड स्वामीको उपचार गर्ने अवसर पाएका थिए। खप्तड स्वामी पनि उनलाई निकै महत्त्वको रूपमा हेर्थे। यसमा उनी गौरवको अनुभव गर्छन्। खप्तड स्वामीबाट उनी निकै प्रभावित छन्।

तिन दशकसम्म वीर अस्पतालमा काम गर्दा डा. पाण्डेले आफ्नो सक्रियतामा मेडिकल डिपार्टमेन्ट, आई.सी.यु. र सी.सी.यु. को व्यवस्था मिलाएर स्वास्थ्य क्षेत्रमा योगदान दिए। ई.सी.जी. नामक उपचार यन्त्र पहिलो पटक उनले नै नेपालमा भित्र्याए ।

हृदयरोग विशेषज्ञका रूपमा देश विदेशमा ख्याति कमाउन सफल भएका डा. पाण्डे समाज सेवी पनि हुन् । 'चिकित्सा पेसालाई व्यापारको रूपमा होइन सेवाको रूपमा लिनुपर्छ, तब मात्रै बिरामी वा रोगीको वास्तविक उपचार हुनसक्छ । यसो भयो भने उपचार गर्ने कार्यलाई समाजले आदर्शको रूपमा स्विकार्छ' भन्ने उनको धारणा छ । समाज सेवालाई संस्थागत रूप दिने विचारले सन् १९७५ मा डा. मृगेन्द्रराज पाण्डेले 'मृगेन्द्र चिकित्सा गुठी' को स्थापना गरे। देश विदेशका दुखी र असहाय रोगीहरूको सेवा गर्ने भावनाले आफन्तहरूको सल्लाह र सहयोगमा उनले मृगेन्द्र चिकित्सा गुठीको स्थापना गरेका हुन् । यस किसिमको महान् कार्यको थालनी गर्ने प्रेरणा उनले धार्मिक ग्रन्थ र महान् व्यक्तिहरूको जीवनीको अध्ययनबाट हासिल गरेका हुन् । उनको ठुलो त्याग र सक्रिय सहयोगमा मृगेन्द्र चकित्सा गुठीले आफ्नो सेवा र सहयोगको क्षेत्रलाई विस्तार र व्यापक बनाउँदै लगेको छ । 'मृगेन्द्र चिकित्सा गुठी' उनकै स्रोत, साधन र सक्रियतामा सञ्चालन भएको छ । उनलाई राष्ट्रिय व्यक्तित्वको रूपमा अमरत्व प्रदान गर्ने कार्यमा मृगेन्द्र चिकित्सा गुठीको पनि ठुलो भूमिका हुने छ ।

डा. पाण्डे अन्वेषक (नयाँ कुराको खोजी गर्ने) का रूपमा देशमा स्थापित भएका छन् । देश विदेशबाट प्रकाशन हुने पत्र पत्रिकामा हृदय रोगका सम्बन्धमा उनबाट लेखिएका

लेखहरू पढ्न पाइन्छन् । देश विदेशमा आयोजना गरिएका सभा सम्मेलनमा सक्रिय रूपले भाग लिएर उनले आफ्नो विद्वत्ताको परिचय दिँदै आएका छन् । देश विदेशमा आयोजना भएको सम्मेलनमा प्रस्तुत गरिएका उनका कार्यपत्रहरू सङ्कलनको रूपमा प्रकाशन गर्ने हो भने निकै मोटो किताब तयार हुन्छ ।

'स्वास्थ्य नै धन हो' भन्ने कुरामा पूर्ण सहमत हुने डा. पाण्डे हृदयरोगको मुख्य कारकका रूपमा धुम्रपान र प्रदूषणलाई लिन्छन् । उनले यस कुरालाई अनुसन्धानको माध्यमबाट पनि प्रमाणित गरेका छन् । यसैले उनी सबैलाई धूम्रपान नगर्न, धुवाँरहित आधुनिक चुलो प्रयोग गर्न र स्वच्छ वातावरणका लागि बेलैमा सजग हुन अनुरोध गर्छन् । बाल बालिकालाई हुने निमोनियाको उपचारका लागि ग्रामीण स्वास्थ्य कार्यकर्तालाई ए.आर.आई. तालिम दिनु बढी उपलब्धिमूलक हुन्छ । सामान्य तालिमबाट निमोनियाको उपचार गर्ने क्षमता स्वास्थ्य कार्यकर्ताहरूमा हासिल गराउन सकिन्छ भन्ने कुरालाई समेत उनले अनुसन्धानबाट प्रमाणित गरेका छन् ।

डा. पाण्डे हृदयरोगको उपचारका लागि तथा त्यसको रोकथामका बारेमा नयाँ नयाँ प्रविधिहरूको खोज गर्दै छन् । उनी प्रतिदिन दुई घण्टा मुटुको रोग विषयको अध्ययन गर्छन् । उनी धुम्रपान विरोधी अभियानमा सन् १९७८ देखि नै लागेका हुन् । उनको भनाइमा धुम्रपान, वंश परम्परा, कम व्यायाम, अस्वस्थकर भोजन, बिग्रँदो वातावरण र जन चेतनाको कमीले मुटु सम्बन्धी रोगहरू लाग्न सक्छन् । उनी 'आध्यात्मिक विचार, परोपकारी काम र अनुशासित जीवनले स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ' भन्ने कुरा पनि बताउँछन् ।

स्वाभिमानी स्वभाव र तीक्ष्ण प्रतिभाले सम्पन्न डा. पाण्डे जस्तै दुखद घडीमा पनि विचलित हुँदैनन् । उनी सुखदुखलाई स्वाभाविक प्रक्रिया र सामान्य रूपमा हेर्छन् । बिरामीले स्वास्थ्य लाभ गरेको अवस्थाले उनलाई सबभन्दा खुसी तुल्याउँछ । आफ्नी कान्छी छोरी डा. सम्झना पाण्डेको असामयिक दुखद निधनले भने उनी एकपटक निकै शोकाकुल भएका थिए । उनका लागि सबभन्दा दुखद घटना पनि यही भयो ।

उच्च विचारका डा. पाण्डे कर्ममा विश्वास गर्छन् । उनले आजसम्म सधैँ क्रियाशील जीवन बिताएका छन् । 'अल्छी गर्नु जीवनलाई पछाडि धकेल्नु हो, यस्तो अवस्था मृत्यु समान हुन्छ' भन्ने उनको विचार छ । धर्मका लागि पनि परोपकारजन्य कर्मको खाँचो पर्ने कुरा उनी व्यक्त गर्छन् । मानवतावादी डा. पाण्डे 'भावना र आस्थाबाट भन्दा असल कर्मबाट बढी धर्म हुन्छ' भन्छन् । उनी ईश्वरमा पुरा विश्वास गर्छन् । नेपालको ग्रामीण जन जीवनमा लाग्ने बहु प्रचलित रोग र तिनीहरूको रोकथामका सम्बन्धलाई लिएर

डा. पाण्डेले चार ओटा कृतिहरू 'मृगेन्द्र चिकित्सा गुठी' बाट प्रकाशित गरेका छन् । हृदयरोगबाट बच्न स्वाभाविक खाना र स्वाभाविक व्यवहारका माध्यमबाट व्यक्ति आफैँले पहल गर्नुपर्ने कुरामा पनि उनी जोड दिन्छन् ।

डा. पाण्डे जुम्ला जस्तो विकट जिल्लासम्म आफ्नो सेवा विस्तार गर्न सफल भएका छन् । विश्वका धेरै देशहरूको भ्रमण गरिसकेका डा. पाण्डेमा स्वास्थ्य क्षेत्रका बारेमा देश विदेशको प्रशस्त अनुभव छ । यो अनुभव क्रमिक रूपमा देश र समाजको हितमा लगाउँदै आएका छन् । उनी हामी सबैका लागि प्रेरणाका स्रोत हुन् । हाम्रो सन्दर्भमा उनी सेवाका सागर मानिन्छन् । स्वास्थ्य क्षेत्रका कतिपय राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थाका संस्थापक सदस्य, आजीवन सदस्य, सदस्य, संरक्षक, सल्लाहकारको रूपमा काम गर्ने अवसर पाएका डा. पाण्डेले समाजका लागि विशिष्ट योगदान गरेका छन् । यस किसिमको सेवा उपलब्ध गराएवापत उनी सुप्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु प्रथम, ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट प्रथम तथा महेन्द्र विद्याभूषणबाट पनि सम्मानित भएका छन् ।

डा. मृगेन्द्रराज पाण्डेले 'मृगेन्द्र चिकित्सा गुठी' को माध्यमबाट शिक्षा क्षेत्रमा पनि प्रशस्त सहयोग गर्दै आएका छन् । बाल कल्याणका लागि अक्षय कोष स्थापना गरेर त्यसको ब्याजबाट गरिब विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने र जेहेन्दार विद्यार्थीहरूलाई विशेष समारोहहरूमा पुरस्कार वितरण गर्ने व्यवस्था उनले मिलाएका छन् । बाल बालिका र विद्यार्थीहरूलाई निकै माया गर्ने डा. पाण्डे उन्नत समाजको लागि सबैले आफ्नो स्वास्थ्यको बारेमा विशेष ध्यान दिनुपर्छ भन्छन् । यसका लागि उनी विद्यार्थीहरूलाई नैतिक शिक्षाका बारेमा शिक्षण गर्नु पनि आवश्यक हुन्छ भनेर बताउँछन् । प्रतिभावान् विद्यार्थीहरूका लागि प्रतिभा मौलाउन सक्ने अवसर उपलब्ध गराउनुपर्ने कुरामा डा. मृगेन्द्रराज पाण्डेले बढी चासो देखाएका छन् ।

अमर गायिका तारादेवी

"म गीत गाउन भनेर नै जन्मेकी हुँ। जति दुख बर्सिऊन्, कष्ट र आपतका भेलहरूले जति छोपून् अनि अपमान र पीडा जति ओइरिऊन् यी सबैलाई चिर्दै म गीत गाइरहने छु, किनभने म गीत गाउन भनेर नै जन्मेकी हुँ।"

यो भनाइ तारादेवीको हो । उनी नेपाली गायन जगतकी उज्ज्वल तारा हुन् । उनलाई नेपाली गायन क्षेत्रका सर्वश्रेष्ठ गायिका पनि भनिन्छ । कतिपय सङ्गीत प्रेमीहरू उनलाई स्वर साम्राज्ञीको रूपमा पनि लिन्छन् । नेपाली साङ्गीतिक संसारमा तारादेवी भन्नुपर्दा तारा दिदी भन्न धेरैजसो मन पराउँछन् । नेपालको सङ्गीत फाँटलाई गायनको माध्यमबाट हराभरा बनाउने गायिका तारादेवी हामीलाई बेलामौकामा रेडियोबाट सुनाउँछिन् :

धेरैले लेखे धेरैको कथा मेरो त लेखेनन्

आँसुको दहमा जिन्दगी डुब्या कसैले देखेनन् ।

तारादेवीको बाल्यकालको नाउँ डोलकुमारी कार्की हो । उनको जन्म वि.सं. २००२ माघ २ गतेका दिन काठमाडौंको इन्द्रचोकमा भयो । उनी अभावमा हुर्किएकी थिइन् । उनका पिता कृष्णबहादुर र माता राधादेवीले पसलबाट आफ्नो जीवन धानेका थिए । तारादेवी पाँच वर्षदेखि नै छिमेकी भैरवबहादुरका साथमा रेडियो नेपालमा जाने गर्थिन् । भैरवबहादुर थापाबाट नै उनले सङ्गीतको प्रारम्भिक शिक्षा हासिल गरिन् । गायन र वादन (बाजा बजाउने) दुवैमा सानैदेखि नै तारादेवीको ठुलो रुचि थियो ।

तारादेवीले विद्यालयस्तरको शिक्षा विश्वनिकेतन र दरबार हाइस्कुलबाट पुरा गरिन् ।

उनले वि.सं. २०३२ मा भारतको इलाहावादबाट गायनमा सङ्गीत विशारदको उपाधि पनि हासिल गरिन् ।

तारादेवीको स्वरमा श्रोताहरूको माझमा पुगेको पहिलो गीत 'तिमी र हामी भेटौँला फूलबारीको छेउमा' भन्ने हो । उनले यो गीत उस्ताद भैरवबहादुरका साथमा गाएकी थिइन् । उनको पहिलो रेकर्ड भएको गति 'तेरो नजरको सिकार हुँ' भन्ने हो । उस्ताद भैरवबहादुर थापासितै तारादेवीले गाएकी अर्को गीत 'अब हजुर नजानोस् लाहुर नेपालैमा पाइन्छ जागिर' भन्ने हो । त्यसपछि तारादेवी र जनकवि धर्मराज थापाको सहगायनमा 'हो औँसीबारो गाईतिहार भैलो,' 'कालीपारे दाइ कति राम्रो ढाका टोपी काँधैमा गलबन्दी' र 'साँगुरी पारी नि हौ त्यो धारापानी गड्तिरको हौ हजुर बालुवा' गीतहरू रेकर्ड गरिए । यी गीतहरू एकैपटक वि.सं. २०१२ मा कलकत्तामा रेकर्ड गरिएका हुन् । त्यस बेला नेपालमा गीत रेकर्ड गर्ने सुविधा थिएन । यसैकारण गीत रेकर्ड गर्न बाल्यकालमै तारादेवीले कलकत्ता धाउनु पऱ्यो ।

गायिकाको रूपमा वि.सं. २०१३ मा तारादेवीले रेडियो नेपाल प्रवेश गरिन् । सुरु सुरुमा धेरै गीतहरू उनले निःशुल्क गाइन् । पारिश्रमिकको रूपमा पनि उनले गीत गाइन् । एउटा गीत गाएवापत पाँचदेखि दस रूपैयाँसम्म उनलाई दिइन्थ्यो । एक महिनामा दस ओटासम्म गीत गाउने अनुमति र सय रूपैयाँसम्म तारादेवीलाई उपलब्ध गराइने व्यवस्था पनि रेडियो नेपालले मिलायो । त्यति बेला खरिदारको जागिर पनि सय रूपैयाँको थियो । अतः रेडियो नेपालले उनलाई खरिदार स्तरको पदमा अस्थायी नियुक्ति गर्नु उचित ठान्यो । वि.सं. २०१५ मा रेडियो नेपालमा तारादेवी नायब सुब्बा स्तरको पदमा स्थायी भइन् । लगभग दुई दशक नायब सुब्बा पदमा रहेर गायनको माध्यमबाट नेपाली सङ्गीतको विकास यात्रालाई उनले माथिल्लो स्तरमा लगिन् ।

तारादेवीमा भएको व्यक्तिगत सद्गुणलाई त्यतिकै प्रशंसनीय रूपमा स्वीकार्नु पर्छ । कसैको मन नदुखाउने करुण हृदयकी गायिकाको रूपमा उनलाई लिन सकिन्छ । गायक, रचनाकार र उस्तादहरूलाई नेपाली सङ्गीतको विकासमा उनले मन, वचन र कर्मले अभिप्रेरित गरिन् । त्यसैले नै तारादेवी तारा दिदी हुन सफल भइन् । उनीमा भएको गायन प्रतिभा उनकै सङ्गीत साधनाबाट मौलाएको हो । २०३० सालपछि गीतलाई सङ्गीतमा उनी आफैँले आबद्ध गरिन् । उनको गायन पनि परिमार्जित बन्दै गयो । उनले आफ्नो व्यक्तित्व विकासभन्दा नेपाली सङ्गीतको विस्तार र विकासतर्फ बढी झुकाव राखिन् ।

रेडियो नेपालको माध्यमबाट मात्रै तारादेवीले नेपाली समाजलाई आफ्नो माया बाँडेको होइन, नेपाली बस्तीबस्तीमा पुगेर साँस्कृतिक कार्यक्रममार्फत् पनि उनले आफ्नो सुरिलो

स्वरबाट नेपालीहरूको मन जितिन् । गायनको माध्यमले देश विदेशका सङ्गीत क्षेत्रका नेपाली कलाकारहरूसित उनको सम्पर्क विस्तार हुँदै गयो । देशभित्रभन्दा देशबाहिर दार्जिलिङ र आसाम जस्ता नेपाली बस्तीहरूमा उनी सम्मानित भइन् ।

वि.सं. २०३० पछि तारादेवी नायब सुब्बाबाट अधिकृत भइन् । अधिकृत भएको लगभग एक दशकपछि उनी सहायक सचिव पदमा बढुवा भइन् । रेडियो नेपालको पच्चीसौँ जन्म जयन्तीको उपलक्ष्यमा आयोजना गरिएको सङ्गीत सम्मेलनमा उनले गायन र सङ्गीत दुवैमा प्रथम पुरस्कार जितिन् । यी कुराहरूले उनको गायन व्यक्तित्वलाई झन् स्पष्टसँग उजिल्यायो । सङ्गीतकारको हैसियतले भन्दा गायिकाको हैसियतले तारादेवी बढी रमाइन् । सङ्गीतको उपासना गर्नेहरूका लागि तारादेवी साँच्चैकी देवी नै भइन् । सबै नेपालीका लागि तारादेवी आदर्शकी प्रतीक, प्रेरणाकी स्रोत र आजसम्मकी अद्वितीय नेपाली गायिका मानिन्छिन् । एकल गायन, युगलगायन र सहगायन तिनै रूपमा गरी उनले धेरै गीतहरूको रेकर्ड गरिन् । उनले गाएका गीतहरूको सङ्ख्या चार हजारदेखि पाँच हजारको बिचमा भएको कुरा अनुमानित रूपमा अङ्कल काटिन्छ ।

तारादेवीले धेरैजसो गीतहरू सङ्गीतकार नातिकाजी र शिवशङ्करको सङ्गीतमा गाइन् । तारादेवीको स्वर र नातिकाजीको सङ्गीतमा सामान्यस्तरका गीतहरू पनि चलमलाएर श्रोताहरूको हृदय छुन सफल हुन्छन् । शास्त्रीय गीत, लोकगीत र आधुनिक गीत, यी तिनै किसिमका गीत गायनमा उनको उत्तिकै दखल छ । राष्ट्रिय गीत, कवितात्मक गीत, विरह वेदनाका गीत, उत्साह उमङ्गका, हँसीठट्टाका गीत, जीवन जगत् सम्बन्धी भावनाले भरिएका भावपूर्ण गीत, उल्लास र पीडाका गीत सबै किसिमका गीतमा उपयुक्त किसिमले आफूलाई प्रस्तुत गर्नु पनि उनको विशेष खुबी हो । उनलाई सरल, सहज र अर्थपूर्ण तथा भावपूर्ण गीतहरू मन पर्थे ।

तारादेवीले नेपालीमा बाहेक नेवारीमा पनि गीत गाइन् । नाटक र सिनेमाका दर्शकका लागि उनले यत्तिकै मात्रामा सेवा पुऱ्याइन् । मुनामदन र मालतीमङ्गले जस्ता गीति नाटकहरूमा पनि गीत गाएर श्रोताहरूको माझमा उनी त्यत्तिकै मात्रामा लोकप्रिय भइन् ।

“गीत प्रस्तुत हुन शब्द, सङ्गीत र स्वरको तालमेल मिल्नुपर्छ । यी तत्त्वहरूको मिलन सजिलोसँग हुन सक्तैन । अतः गीत गाउनु र सफल गायक वा गायिका बन्न त्यति सजिलो छैन” तारादेवी भन्थिन् । शब्द र सङ्गीतको समस्यामा पनि उनी आफ्नो साङ्गीतिक यात्रालाई अबिराम गतिले अगाडि बढाउन सफल भइन् । रेडियो नेपाल, नाटक मञ्चन, टेलिभिजन र चलचित्रहरूका लागि गायनमा सहकाल नआए तापनि आज अनिकालै भने छैन । त्यसमा तारादेवीको प्रमुख हात रह्यो । नेपाली सङ्गीतको गायन क्षेत्रमा

यस किसिमले योगदान गरेबापत इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार, जगदम्बाश्री पुरस्कार, छिन्नलता गीत पुरस्कार, मैना पुरस्कार आदि पुरस्कारबाट उनी पुरस्कृत भइन् । उनी त्रिशक्तिपट्ट र गोरखा दक्षिणबाहु प्रथमबाट पनि विभूषित भइन् ।

रेडियो नेपालमा छँदा तारादेवीले भारत, चीन, दक्षिणकोरिया, सोभियत रुस, संयुक्त अधिराज्य, जापान, म्यान्मार, थाइल्यान्ड आदि देशको अध्ययन भ्रमण गर्ने अवसर पाइन् । अध्ययन भ्रमणबाट उनले सङ्गीतमा निकै अनुभव बटुलिन् । उनी "सङ्गीत जीवनको एक अभिन्न अङ्ग हो, यसलाई गोडमेल गर्नुपर्छ" भन्ने सल्लाह दिन्थिन् ।

रेडियो नेपालबाट वि.सं. २०५० मा उनको अवकाश भयो । त्यसपछिका उनका दिनहरू कष्टप्रद बन्दै गए । २०५१ मा उनलाई पुत्रशोक पऱ्यो । २०५५ मा उनले पति वियोगको पीडा सहनुपऱ्यो । उनलाई २०५२ देखि नै स्नायुको बिरामीले सतायो । उनको जीवन पनि उनले गाएको गीत जस्तै भयो –

अँधेरी खोला अँगेरी टिप्ता हातमा सऱ्यो निर

न रोई जाने, न धोइ जाने के मलाई पऱ्यो पिर ।

पछिल्लो समयमा बिरामीको कारणले उनले गाउन सकिनन् । २०६२ माघ १२ गते तारादेवीले यो संसार त्यागिन् । तारादेवीको अवसान भएको धेरैभइसक्यो तर पनि सुमधुर गीत सङ्गीतको माध्यमले उनी अझै हामीहरू माझ गुन्जिरहेकी छन् ।

अभिनयकी इतिहास शान्ति मास्के

हामी धेरैले टेलिभिजन तथा चलचित्रमा एक जना पाको उमेरकी कलाकार देखेका छौँ। उनको सजीव अभिनयमा रमाएका छौँ । ती कलाकार शान्ति मास्के हुन् । उनले अभिनय गरेको सत्तरी वर्ष हुन लाग्यो । आठ, दस वर्षको उमेरदेखि जीवन पर्यन्त चमत्कारिक अभिनय गर्दै रहिन् । उनी नेपालको महिला कलाकारकी इतिहास हुन् ।

शान्ति मास्केको जन्म गोरखा जिल्लाको आँपपिपल भन्ने ठाउँमा भएको थियो। उनी आफ्नो जन्म यही तिथि मितिमा भएको भनेर ठम्याउन सक्तिनन् । उनको भनाइअनुसार उनको जन्म वि.सं. १९८५ सालभन्दा एक दुई वर्ष पहिले भएको पुष्टि हुन्छ। उनका पिताको नाम यज्ञबहादुर श्रेष्ठ र माताको नाम विष्णुमाया श्रेष्ठ हो ।

शान्ति मास्केले बाल्यकालमा लेखपढ गर्न पाइनन् । त्यस बेला छोरीलाई पढ्ने अवसर सारै नै कम थियो। उनी बाल्यकालमै राणा परिवारका महिलाहरूको सेवा गर्ने 'तालिमे' को रूपमा छानिइन् । उनी केही समय काठमाडौँमा बसिन् । उनलाई १९९७ सालमा चन्द्रशम्शेरकी कान्छी विधवाको सेवा गर्न बनारस पठाइयो । राणाहरूकहाँ काम गर्दा उनले सङ्गीत र अभिनयकै काम गर्थिन्। उनी गीत र भजनहरू गाउँथिन्। नाटकहरूमा बाल कलाकारको पाठ खेल्थिन्। उनले 'ध्रुव' र 'प्रल्हाद' नाटकमा बाल कलाकारको पाठ खेलिन्। उनले 'ध्रुव' नाटकबाट अभिनय सुरु गरेकी हुन्। त्यसपछि उनले राणा दरबारमै 'गुलबकावली' र 'विष्णुलक्ष्मी' नाटकमा पनि अभिनय गरिन् ।

बनारसमा एकपटक शान्ति मास्के बिरामी भइन्। उनलाई उपचारका लागि काठमाडौँ

फिर्ता ल्याइयो । उपचारबाट उनी बिसेक भइन् । तर उनलाई काठमाडौँमै बस्नुपर्‍यो । काठमाडौँका राणाका दरबारमा त्यस बेला काम गर्न ज्यादै कठिन थियो । सानो गल्तीमा पनि पिटाइ खानुपर्थ्यो । राणा परिवारलाई चित्त नबुझ्ने काम भएमा करेन्ट पनि लगाइन्थ्यो । यस्ता कुराले शान्ति मास्केलाई दरबारको जीवन असुरक्षित लाग्न थाल्यो । उनी विभिन्न बहाना गरेर सात दिनको बिदा मागेर दरबारबाट बाहिर निस्किइन् । त्यसपछि उनी दरबार फर्किनन् । डिल्लीबजारमा डेरा लिएर बस्न थालिन् । उनी डिल्लीबजारमा बसेको राणाहरूले थाहा पाएर फिर्ता बोलाउन आए । उनी फर्कन मानिनन् । त्यसपछि उनले काठमाडौँ बस्नु राम्रो ठानिनन् । त्यसैले शान्ति मास्के आमालाई लिएर भारतको कलकत्ता गएर बस्न थालिन् ।

कलकत्तामा शान्ति मास्केले सुवर्ण शम्शेरलाई भेटेर २००७ सालको जनआन्दोलनमा भाग लिइन् । आन्दोलन सुरु हुने बेलामा उनले वीरगन्जमा आन्दोलनकारीका लागि गुप्तचरको काम गरिन् । वीरगञ्ज आक्रमणमा उनी पनि सहभागी भइन् । सहिद थीरबम मल्ललाई गोली लागेको उनले प्रत्यक्ष देखेकी थिइन् । आन्दोलन कालमा उनले विराटनगरमा प्रजातन्त्र रेडियोमा पनि काम गरिन्। 'नेपाली अगाडि बढ हातमा क्रान्ति झण्डा लिई' भन्ने प्रजातन्त्र रेडियोको उद्घोष गीतमा उनको पनि स्वर छ ।

नेपालमा नेपाली नाटकमा भाग लिने उनी पहिलो महिला हुन् । उनले नाटक खेल्नुअगाडि पुरुषले नै महिला बनेर महिलाको पाठ खेल्दथे । सुरुमा पुरुषहरूसँग नाटकमा भाग लिँदा अरू महिलाले उनको खिस्सी गर्दथे । उनले यसको वास्ता नगरी आफ्नो सिप प्रर्दशन गर्दै रहिन् । पछाडि अभिनय क्षेत्रमा अरू महिलाहरू पनि थपिए ।

कलकत्तामा रहँदा शान्ति मास्केले 'अमर विवाह' र 'रानी' नाटकमा प्रमुख पात्रको भूमिका खेलिन् । २००७ सालको आन्दोलनपछि उनी काठमाडौँ आइन् । वि.सं. २०१० सालमा उनले 'अन्धवेग' नाटकमा पनि प्रमुख पात्रको पाठ खेलिन् । २०११ सालमा धरानका वीरबहादुर मास्केसँग उनको विवाह भयो । त्यसपछि उनी धेरै समय धरानमै बस्न लागिन् । त्यसैले उनले २०३० सालसम्म कलाक्षेत्रलाई धेरै समय दिन सकिनन् । बिचमा २०२२ सालमा उनले 'हिजो आज भोलि' भन्ने नाटकमा भाग लिइन् । वि.सं. २०३४ सालमा उनका श्रीमान्को देहावसान भयो । वि.सं. २०३५ सालपछि नेपालमा धेरै चलचित्र बन्न लागे । त्यसपछि उनले विभिन्न चलचित्रमा वयस्क (पाको उमेर) महिलाको पाठ खेलिन् । 'सन्तान' उनले अभिनय गरेको बहुचर्चित चलचित्र हो । यस चलचित्रबाट उनले धेरै पुरस्कार पनि पाएकी छिन् । उनले २५ ओटाभन्दा बढी चलचित्रमा अभिनय गरिसकेकी छन् ।

'सन्तान' चलचित्रमा अभिनय गर्दा शान्ति मास्के दुर्घटनामा परिन् । उनलाई बल्लतल्ल

बचाइयो । उनको छातीमा ब्याट्री राखियो । लामो समयसम्म उनको प्राण ब्याट्रीको भरमा अड्यो ।

शान्ति मास्केले सधैँ जाँगर र जोसका साथ चलचित्रमा अभिनय गरिन् । उनले सजीव अभिनय गरिन् । नेपाली समाज र संस्कृति सुहाउँदो अभिनय गरिन् । नेपाल र नेपालीपन झल्कने अभिनय गरिन् । उनको अभिनयले नेपाली संस्कृतिको प्रचारमा सहयोग पुगेको छ ।

शान्ति मास्के समाज सेवामा पनि सक्रिय रहिन् । २००७ सालमा उनले घाइते मुक्तिसेनाको उपचारमा सहयोग गरिन् । उनले आँखा उपचारका लागि सञ्चालन हुने विभिन्न नेत्र शिविरमा स्वयंसेवक भएर काम गरिन् । उनले आँखा दान गरिन् । उनी हर्ट क्लबकी सदस्य रहिन् । उनी चलचित्र कलाकार सङ्घको पहिलो अध्यक्ष पनि थिइन् ।

शान्ति मास्केले गोरखा दक्षिणबाहुलगायत विभिन्न मानपदवी, पुरस्कार तथा उपहार पाइन् । उनले २०४५ सालमा नेपाल चलचित्र सङ्घको रजत जयन्ती समारोहमा सर्वश्रेष्ठ चरित्र अभिनेत्री सम्मान पाइन् । त्यसै गरी २०५१ सालमा दशक अभिनेत्री पुरस्कार, २०५५ सालमा हिरण्यकुमारी कार्की पुरस्कार र २०५६ मा राष्ट्रिय प्रतिभा पुरस्कार पनि पाइन् ।

शान्ति मास्केको ८३ वर्षको उमेरमा २०६७ माघ ५ गते निधन भयो । उनीबाट हामी धेरै कुरा सिक्न सक्छौँ । हामीले शान्ति मास्के जस्ता जन्मभर कलाकार बनेर देशको सेवा गर्ने नारी प्रतिभाको कदर गर्नुपर्छ । शान्ति मास्केले जस्तै नाम कमाउनुपर्छ ।

लोक गायक झलकमान गन्धर्व

रेडियोबाट "आमाले सोध्लिन् नि खोइ छोरो भन्लिन्" भन्ने गीत सुन्न पाइन्छ । यो गीत नेपाली भाषाको चर्चित लोकगीत हो । यो गीत विरह (मनको दुख) ले भरिएको छ । कमलो मन हुने नेपालीहरू यो गीत सुनेर रुन्छन् पनि । यो गीत गाउने गायक झलकमान गन्धर्व हुन् । झलकमान आफैँले यस गीतको सङ्कलन गरेका हुन् । उनी आफैँले सारङ्गी रेटेर यस गीतमा सङ्गीत भरेका छन् । झलकमानले अरू पनि धेरै लोकगीत गाएका छन् । उनका लोकगीत नेपालका गाउँबँसी र पाखा पखेरामा भाका हालेर गाइन्छन् ।

कतिपय भाइ बहिनीलाई गन्धर्व जातिका बारेमा जानकारी पनि नहोला । गन्धर्वहरू सङ्गीतप्रेमी हुन्छन् । उनीहरू गाउने बजाउने गर्दछन् । गाउनु बजाउनु उनीहरूको पुर्ख्यौली पेसा हो । उनीहरू विशेष गरी सारङ्गी बजाएर गाउँछन् । धेरै गन्धर्वहरू कास्की जिल्लामा बसोबास गर्दछन् ।

हाम्रा लोक गायक झलकमान गन्धर्वको जन्म वि.सं. १९९२ सालको वैशाख १२ गते भएको हो । उनी पोखराको बाटुलेचौर भन्ने ठाउँमा जन्मेका हुन् । उनका पिताको नाम दुर्गाबहादुर र आमाको नाम मकैडाली हो ।

झलकमानले बालक कालमा लेखपढ गर्न पाएनन् । झलकमानको आठ वर्षसम्मको बाल्यकाल त्यत्तिकै बित्यो । नौ वर्षको उमेरदेखि झलकमान पुर्खाले जस्तै गाउन बजाउन थाले । विद्यालय महा विद्यालयमा पढ्न नपाए पनि झलकमानले आफ्नो एक्लो परिश्रममा सङ्गीतको सिप बढाउँदै लगे । उनी आफूले गाउने गीत आफैँ सङ्कलन गर्दथे र रचना पनि गर्दथे । उनी आफूले गाउने गीतमा आफैँ सङ्गीत मिलाउँथे । उनले जीवनभर आफूले रचना गरेका गीतमा आफैँले सङ्गीत दिएर गाए । उनका गीत मिठा छन् । उनको

सारङ्गीको धुन मिठो छ । उनको गीतको लय त्यत्तिकै मिठो छ ।

सङ्गीत क्षेत्रमा लागेपछि झलकमानले विभिन्न सङ्गीत प्रतियोगितामा भाग पनि लिन थाले । वि.सं. २०२२ सालमा उनी रेडियो नेपालले आयोजना गरेको सङ्गीत प्रतियोगितामा लोकगीतमा प्रथम भए । त्यस सङ्गीत प्रतियोगितामा उनले "आमाले सोध्लिन् नि खोइ छोरो भन्लिन्" भन्ने गीत गाएका थिए । रेडियो नेपालबाट २०३० सालसम्म यो गीत धेरै बजाइन्थ्यो । यसै गीतले झलकमान गन्धर्व नेपालका लोकप्रिय गायक हुनमा सहयोग पुऱ्यायो ।

वि.सं. २०२४ सालमा झलकमानले रेडियो नेपालमा वाद्यवादकको (बाजा बजाउने) को जागिर पाए । उनले वि.सं. २०५२ सालमा त्यहाँबाट अवकाश पाए । पछि उनी रेडियो विकास समितिमा संलग्न भएर रहे ।

झलकमान गन्धर्वका अढाइ सय जति लोकगीत रेकर्ड गरिएका छन् । 'आमाले सोध्लिन् नि खोइ छोरो भन्लिन्,' 'निर चरी घुमेर डाँफे लाहुर बैँसमा,' 'राधा पियारी,' 'अल्लारे नानी के.सी.,' 'धानको बाला मस्यामले जेलेको' आदि झलकमानका चर्चित लोकगीत हुन् ।

झलकमानले लोक सङ्गीतको उन्नतिमा पुऱ्याएको सहयोगको कदर पनि भएको छ । उनले इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार पाए । त्यसै गरी आदिकवि भानुभक्त स्मृति पुरस्कार पनि पाए । नारायणगोपाल सङ्गीत कोष, महजी फिल्मस् आदिबाट पनि झलकमानले नगद पुरस्कार र कदर पत्र पाए । झलकमानले फ्रान्स, जर्मनी, स्विट्जरल्यान्ड, युगोस्लाभिया, भारत आदि देशको भ्रमण गरे ।

जनकवि केसरी धर्मराज थापाले झलकमानलाई सङ्गीत क्षेत्रमा प्रवेश गर्नमा मदत गरेका थिए । धर्मराजले झलकमानलाई सङ्गीतमा लागिरहन निरन्तर प्रोत्साहन पनि दिए । त्यसैले झलकमान धर्मराजलाई खुबै मान गर्थे । बेलाबखतमा विशिष्ट मानिससँग उनको भेट हुन्थ्यो । यस्ता भेटघाट हुँदा उनलाई खुसी लाग्थ्यो ।

झलकमानको निधन २०६० मङ्सीर ८ गते काठमाडौँमा भयो । उनले देह त्यागेको धेरै भइसक्यो तर उनले नेपाली लोक सङ्गीतको क्षेत्रमा पुऱ्याएको योगदानलाई हामी भुल्ने छैनौँ । नेपाली सङ्गीतको सेवा गर्ने झलकमान हाम्रो देशको गहना हुन् ।

दक्षिण एसियाका अद्वितीय धावक बैकुण्ठ मानन्धर

खेलाडी पनि देशका सम्पत्ति हुन् । खेलाडीले खेल खेलेर खेलप्रेमीहरूलाई मनोरञ्जन दिन्छन् । अन्तर्राष्ट्रिय खेलमा राम्रो खेल देखाउने खेलाडीबाट उसको देशको इज्जत बढ्छ । खेल खेलेर नेपालको इज्जत उकास्ने काम खेलाडी बैकुण्ठ मानन्धरले गरेका छन् । बैकुण्ठ मानन्धर दौडमा भाग लिने खेलाडी हुन् । दौडने खेलाडीलाई धावक भनिन्छ । बैकुण्ठ मानन्धर नेपालका मात्र नभएर दक्षिण एसियाकै सबभन्दा छिटो दौडने र एसिया महादेशका नाम चलेका धावक हुन् । उनको उमेरमा दक्षिण एसियामा उनलाई कसैले जितेन । उनले दोस्रो हुनु परेन । त्यसैले उनी दक्षिण एसियाका अद्वितीय धावक हुन् । बैकुण्ठ मानन्धर लामो दुरीको दौड दौडन्थे । उनले म्याराथुन दौडमा नाम कमाए । म्याराथुन दौडमा ४२ किलोमिटर १९५ मिटर दुरी दौडनुपर्छ । छोटो दुरीको दौडको तुलनामा म्याराथुन दौड दौडन ज्यादै कठिन हुन्छ । उनको जमानामा नेपालमा उनीलाई लामो दुरीको दौडमा हराउने कसैको हिम्मत थिएन । नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, भुटान र माल्दिभ्सबीच खेलिने खेलकुदलाई साफ खेलकुद भनिन्छ । बैकुण्ठ मानन्धरले साफ खेलकुदमा लगातार तिन पटक म्याराथुन जिते । उनले एसिया क्षेत्रमा आयोजना भएका अन्तर्राष्ट्रिय म्याराथुन पनि जितेका छन् ।

बैकुण्ठ मानन्धरको जन्म वि.सं. २००९ सालमा काठमाडौँको कालीमाटीमा भएको हो । उनका पिताका नाम केदारमान र माताको नाम मङ्गलकुमारी हो । बैकुण्ठ मानन्धरले घरमै अक्षर चिने । वि.सं. २०१८ सालमा उनी शान्ति निकुन्ज माध्यमिक विद्यालयमा कक्षा ४ मा भर्ना भए । उनले वि.सं. २०२६ सालमा एस्.एल्.सी. पास गरे । त्यसपछि उनले आफ्नो सम्पूर्ण समय दौडमै लगाए ।

बैकुण्ठ मानन्धरले आफूले पढेको विद्यालयबाटै दौडमा भाग लिन थालेका हुन् । उनले

वि.सं. २०२५ सालमा आयोजित उपत्यकाव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा १५०० मिटरको दौड जिते । यस जितले उनलाई अन्तर्राष्ट्रिय धावक बनाउने ढोका खोलिदियो । वि.सं. २०२६ सालमा बैकुण्ठ मानन्धर शिक्षा मन्त्रालयले आयोजना गरेको खेल प्रशिक्षण (तालिम) मा छानिए । वि.सं. २०२८ सालमा आयोजना भएको राष्ट्रिय एथलेटिक्स प्रतियोगितामा बैकुण्ठ मानन्धरले ५,००० मिटरका साथै १०,००० मिटरको दौड पनि जिते । यस जितले सर्वसाधारण मानिसमा प्रहरी र सैनिकबाहेकका व्यक्तिले पनि खेल जित्न सक्ने रहेछन् भन्ने कुराको जानकारी गरायो । त्यसपछि गुरु मधुराणा र लक्ष्मणविक्रम शाहले बैकुण्ठ मानन्धरलाई म्याराथुन दौडतर्फ लगाए । वि.सं. २०३१ सालमा आयोजित श्री ५ महाराजाधिराज सरकारको शुभराज्याभिषेक विशेष एथलेटिक्स प्रतियोगितामा बैकुण्ठ मानन्धरले म्याराथुनसहित ५,००० मिटर र १०,००० मिटर समेतको दौड जिते ।

बैकुण्ठ मानन्धरले ई.सं. १९७३ मा फिलिपिन्समा आयोजित पहिलो एसियन ट्याक एन्ड फिल्ड च्याम्पियनसिपमा म्याराथुनमा भाग लिए । यो उनको अन्तर्राष्ट्रिय दौड प्रतियोगिताको पहिलो सहभागिता थियो । उनले यस म्याराथुन दौडमा पाँचौँ स्थान प्राप्त गरे । उनी ई.सं. १९७५ मा दक्षिण कोरियामा आयोजित दोस्रो एसियन ट्याक एन्ड फिल्ड चयाम्पियनसिपमा म्याराथुनमै चौथो भए । ई.सं. १९८१ मा पाकिस्तानमा आयोजित मोहम्मद अलिजिन्हा सतवार्षिकी अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा बैकुण्ठ मानन्धर म्याराथुनमा प्रथम भए । ई.सं. १९८६ मा आयोजित सिङ्गापुर अन्तर्राष्ट्रिय म्याराथुनमा उनी दोस्रा भए । उनी ई.सं. १९८४ मा काठमाडौँ, १९८५ मा ढाका र १९८७ मा कलकत्तामा आयोजित साफ खेलकुदमा लगातार प्रथम भए । कलकत्ता साफ खेलकुदमा बैकुण्ठले २ घण्टा १५ मिनेटमा ४२ कि.मि. १९५ मि. को म्याराथुन दौड पुरा गरे । हालसम्म एसियाली खेलकुदमा म्याराथुनमा प्रथम हुनेले २ घण्टा १२ मिनेटको रेकर्ड राखेका छन् । ओलम्पिक खेलको म्याराथुन दौडमा प्रथम हुनेले २ घण्टा ५ मिनेटको रेकर्ड राखेका छन् । इ.सं. १९८७ मा दक्षिण कोरियामा आयोजना भएको एसियाली खेलकुदको म्याराथुनमा बैकुण्ठ मानन्धर पाँचौँ भए ।

बैकुण्ठ मानन्धरले खेलकुदमा यति ठुलो नाम कमाउन प्रशस्त मेहनत पनि गरेका छन् । उनी अन्तर्राष्ट्रिय म्याराथुनमा भाग लिने तयारीका लागि दैनिक ४० किलोमिटरभन्दा बढी दौडन्थे । उनी काठमाडौँबाट दौडँदै सुनकोसी, मनकामना, नुवाकोट आदि ठाउँमा गएर बास बस्थे र भोलिपल्ट दौडँदै फर्कन्थे । उनलाई काठमाडौँबाट दौडँदै बनेपा, धुलिखेल तथा पनौती पुगेर फर्कनु सामान्य कुरा थियो ।

बैकुण्ठ मानन्धरले वि.सं. २०२८ सालदेखि धेरै लामो दुरी दौडिसकेका छन् । यसरी दौडँदा उनले ४० हजार किलोमिटर परिधि भएको हाम्रो पृथ्वीलाई सात पटक परिक्रमा गर्न पुग्ने दुरी दौडिसकेका छन् । उनले पृथ्वीबाट ३ लाख ८२ हजार किलोमिटर टाढा रहेको चन्द्रमाको छेउसम्म पुग्नेजति दुरी दौडिसकेका छन् ।

बैकुण्ठ मानन्धरले चार ओटा साफ खेल, तिन ओटा एसियाली खेल र चार ओटा ओलम्पिक खेलमा म्याराथुन दौडमा भाग लिए । अन्य धेरै अन्तर्राष्ट्रिय म्याराथुन दौडहरूमा पनि बैकुण्ठले भाग लिए । नेपालमा आयोजित दौड प्रतियोगितामा उनले भाग लिएको कुनै लेखाजोखा नै छैन । नेपालमा आफ्नो प्रतिस्पर्धामा आउने धावक नै नभएको कारण बैकुण्ठ मानन्धरले कतिपय दौड प्रतियोगितामा त भाग पनि लिएनन् । बैकुण्ठ मानन्धरले देश विदेशमा दौड जितेर पाएका पदकहरूको पनि लेखाजोखा छैन ।

बैकुण्ठ मानन्धरलाई हाम्रो सरकारले सकेको मानसम्मान गरेको देखिन्छ । उनले गोरखा दक्षिणबाहु चौथा, विख्यात त्रिशक्तिपट्ट, शुभराज्याभिषेक विशेष पदक जस्ता मान पदक पाएका छन् । पहिलो युवा पुरस्कार पाउने व्यक्तिहरूमा उनी पनि एक हुन् । बैकुण्ठ मानन्धरले विभिन्न दौड जितेर पाएको पुरस्कारको रकमले घडेरी किनेर घर बनाएका छन् ।

बैकुण्ठ मानन्धर हिजोआज राष्ट्रिय खेलकुद परिषद्मा खेल प्रशिक्षक छन् । उनी बिहानैदेखि दशरथ रङ्शाला आउँछन् । नयाँ धावकहरूलाई दौडने तरिका सिकाउँछन् । सबैसँग साथीको व्यवहार गर्छन् । आफ्ना अनुभव सुनाउँछन् । नयाँपुराना खेलाडीसँग हँसिला–रसिला कुरा गर्छन् । यसै गरेर जीवन बिताउने उनको लक्ष्य छ ।

हिमाल आरोहणका अलौकिक प्रतिभा बाबुछिरी शेर्पा



हामीलाई सानो थुम्को उक्लँदा पनि स्वाँस्वाँ हुन्छ । भीर देख्दा रिङ्गटा छुट्छ । हिउँ टेक्दा हैन देख्दा पनि जाडो लाग्छ । तर एक जना व्यक्ति १६ घण्टा ५६ मिनेटमै विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा उक्लिए । उनले २१ घण्टा त्यसै चुचुरोमा बिताए । एक वर्षमा दुई पटक त्यस चुचुरोमा पुगे । हिमाल आरोहण (चढ्ने काम) का यस्ता अलौकिक (अचम्म) प्रतिभाको नाम हो– बाबुछिरी शेर्पा ।

बाबुछिरी शेर्पाको जन्म वि.सं. २०२२ साल असार ८ गते सोलुखुम्बु जिल्लाको टाक्सिन्दु भन्ने ठाउँमा भएको थियो । उनका पिताको नाम लाक्पा शेर्पा र आमाको नाम पसी शेर्पा हो । उनले बाल्यकालमा लेखपढ गर्न पाएनन् । चौँरी चराउँदा चराउँदै उनको बाल्यकाल बित्यो । १३ वर्षको उमेरबाट आरोहीको सहयोगीका रूपमा बाबुछिरीले हिमाल आरोहण गर्न थाले ।

बाबुछिरीले २३ वर्षको उमेरमा ई.सं. १९८९ मा ८५९४ मिटर अग्लो कञ्चनजङ्घा हिमालको आरोहण गरे । ई.सं. १९९० मा उनले धौलागिरी आरोहण गरे । ई.सं. १९९० बाट २००० सम्ममा उनले १० पटक सगरमाथाको आरोहण गरे । ई.सं. १९९९ को एकै वर्षमा उनले दुई पटक सगरमाथा आरोहण गरे । बाबुछिरीले एक हप्तामै ८०१३ मिटर अग्लो सिसामापा हिमाल दुई पटक चढे । उनले १५ दिनमा तिन पटक आमाडब्लम् हिमाल चढे । उनले चोयु हिमाल ६ पटक चढे ।

हालसम्म सगरमाथाको चुचुरोमा धेरैपटक पुग्नेमा तिन जना नेपालीहरू पर्छन् । आप्पा

शेर्पाले ११ पटक सगरमाथा आरोहण गरे । बाबुछिरी र आङ्रिता शेर्पा यस चुचुरोमा १०–१० पटक पुगे । धेरै कम व्यक्ति मात्र अक्सिजन प्रयोग नगरी सगरमाथा चढ्न सफल भएका छन् । तर बाबुछिरीले अक्सिजन प्रयोग नगरिकनै १० पटक सगरमाथा चढे ।

हिमाल आरोहणमा बाबुछिरीले दुई ओटा विश्व कीर्तिमान कायम गरेका छन् । पहिलो कीर्तिमान २१ घण्टा सगरमाथा चुलीमा बिताएर कायम गरेका छन् । दोस्रो कीर्तिमान १६ घण्टा ५६ मिनेटको समयमा सगरमाथाको चुलीमा पुगेर कायम गरेका छन् । यी दुवै कीर्तिमान 'गिनिज बुक अफ द वर्ल्ड रेकर्डस्' मा रेकर्ड गरिएका छन् । गिनिज बुकमा असम्भव काम गर्ने मानिसको नाम दर्ता गरिन्छ । गिनिज बुकमा दुई पटक नाम दर्ता हुने व्यक्तिहरूमा नेपालका बाबुछिरी शेर्पा मात्र हुन सक्छन् ।

बाबुछिरीसँग हिमाल चढ्न र उनलाई भेट्न कैयन विदेशी नेपाल आउँथे । उनको नामले नेपालको पर्यटन व्यवसायको उन्नतिमा सहयोग पुगेको थियो । विश्वमा उनले पाएको मानले हाम्रो देश नेपालको पनि मान बढेको छ ।

बाबुछिरीले आफूले पढ्न नपाए पनि शिक्षाप्रेमी थिए । उनले आफ्नै पैसाबाट आफ्ना गाउँका केटाकेटीलाई स्कुल खोलिदिएका छन् ।

अदम्य साहसी बाबुछिरीलाई 'गोर्खा दक्षिणबाहु प्रथम' बाट विभूषित गरिएको थियो ।

सगरमाथा आरोहणकै क्रममा दुर्घटनामा परी वि.सं. २०५८ वैशाख १६ गते नेपाली सपुत बाबुछिरीले प्राण उत्सर्ग (त्याग) गरे । आफू र देशको इज्जतका लागि हामीले पनि बाबुछिरीको जस्तै साहसिक काम गर्नुपर्छ ।